# छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव

**(पञ्चमुनिदेव मा.वि. शुक्लागण्डकी नगरपालिका-४, तनहूँमा आधारितः एक अध्ययन)**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत**

**स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको**

**प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


**प्रस्तुतकर्ता**

सुमन गुरुङ

कक्षा रोल नं.:- ११८/२०६७

परीक्षा रोल नं. ४८०५८१

त्रि.वि.दर्ता नं. :- ९-२-४८-४३५६-२००७



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७४

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

पत्र संख्या :
चलानी नं.

(समाजशास्त्र तथा ग्रामिण विकास विभाग)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र तथा ग्रामिण विकास विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही सुमन गुरुङ्गले **"छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव (पञ्चमुनिदेव मा.वि. शुक्लागण्डकी नगरपालिका–४, तनहुँमा आधारितः एक अध्ययन)"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

(नेत्र नारायण पौडेल)

उप-प्राध्यापक

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : वि.सं. २०७४/०५/२९

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

समाजशास्त्र तथा ग्रामिण विकास विभाग
(..............................)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

पत्र संख्या :
चलानी नं.

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत छात्रा सुमन गुरुङले **“छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव (पञ्चमुनिदेव मा.वि. शुक्लागण्डकी नगरपालिका –४, तनहूँमा आधारितः एक अध्ययन)”** विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिका लागि उचित ठहराइएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................
नेत्रनारायण पौडेल
शोध निर्देशक

..................................
तेज प्रसाद सुवेदी
बाह्य परीक्षक

..................................
प्रा.डा. विश्वकल्याण पराजुली
विभागीय प्रमुख

मिति : २०७४/०६/०२

# कृतज्ञता ज्ञापन


त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न **"छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव (पञ्चमुनिदेव मा.वि. शुक्लागण्डकी नगरपालिका -४, तनहूँमा आधारितः एक अध्ययन)"** शिर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र पुरा गर्न प्रारम्भदेखि अन्त्यसम्म नियमित सुपरिवेक्षण, मार्गदर्शन र अमूल्य सुझाव दिई सहयोग गर्नुहुने शोध निर्देशक आदरणिय गुरु नेत्र नारायण पौडेल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै गरी मलाई यो शोधपत्र तयार गर्नको लागि बाह्य निरीक्षकको रूपमा अमूल्य सल्लाह एवम् सुझाव दिनुहुने आदरणीय गुरु तेज प्रसाद सुवेदी ज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्रलाई आवश्यक सुझाव र स्वीकृति प्रदान गर्नुहुने समाजशास्त्र विभागका विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीज्यू एवम् सल्लाह, सुझाव, हौसला र प्रेरणा प्रदान गर्नुहुने समाजशास्त्र तथा ग्रामिण विकास विभागका सम्पूर्ण गुरुहरूप्रति आभारी छु । साथै अन्य सामाग्रीहरू उपलब्ध गराइदिनुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूप्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

यस अध्ययनको सिलसिलामा अध्ययन क्षेत्रमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा जवाफ दिनुहुने सम्पूर्ण छात्राहरू, विद्यालय परिवार, अभिभावक र ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठी परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँहरूको सहयोग विना यो शोधपत्र अपुरो हुने थियो । यसैगरी यो शोधपत्र तयार गर्ने क्रममा महत्वपूर्ण सल्लाह, सुझाव र आवश्यक सामग्री जुटाई सहयोग गर्नुहुने सम्पूर्ण मित्रजनहरूलाई स्मरण गर्दछु । मलाई उच्च शिक्षा हासिल गराउन प्रेरित गर्ने मेरो सम्पूर्ण परिवारप्रति पनि कृतज्ञ छु ।

अन्तमा यस प्रतिवेदनलाई कम्प्युटर टाइपिङ्ग एवम् सेटिङ्ग गरिदिनुहुने जेरोन कम्प्युटर सोलुसन पोखरा-३ नदीपुर प्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

..................

**सुमन गुरुङ्ग**

# विषय सूची

| शीर्षक | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञता ज्ञापन | | III |
| विषय सूची | | IV |
| तालिका सूची | | VII |
| संक्षिप्त रूप | | VIII |
| शोधसार | | IX |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्यहरू | ५ |
| १.४ | अध्ययनको महत्व | ५ |
| १.५ | अध्ययनको सिमा | ६ |
| १.६ | अध्ययनको संगठनात्मक ढाँचा | ६ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन** | | **७-१९** |
| २.१ | सैद्धान्तिक अवधारणा | ७ |
| | २.१.१ महिला सशक्तिकरणको अवधारणा | ७ |
| | २.१.२ विकास अवधारणा | ९ |
| | २.१.३ लैङ्गिक अवधारणा | ११ |
| २.२ | पूर्वसाहित्यिको समिक्षा | १५ |
| २.३ | अवधारणात्मक खाँका | १८ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **२०-२१** |
| ३.१ | अनुसन्धानको ढाँचा | २० |
| ३.२. | अध्ययन क्षेत्र छनोटको औचित्य | २० |

३.३ समग्र अध्ययन विधि २१
३.४ तथ्याङ्कको प्रकृति र स्रोत २१
३.४.१ तथ्याङ्क संकलनको विधि २१
३.५ तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण २२

**अध्याय चार : छात्रावृत्ति प्राप्त छात्राहरूको सामाजिक-आर्थिक अवस्था २३-३१**

४.१ कक्षागत आधारमा उत्तरदाताहरूको विवरण २३
४.२ उमेरको आधारमा उत्तरदाताहरूको विवरण २४
४.३ उत्तरदाताहरूको परिवारको पेशा २५
४.४ छात्रवृत्ति पाउने छात्राहरूको जात/जातिगत विवरण २६
४.५ उत्तरदाताहरूको धार्मिक विवरण २७
४.६ उत्तरदाताहरूको परिवारको आकार २८
४.७ उत्तरदाताहरूको बासस्थानको विवरण २९
४.८ उत्तरदाताहरूको दाजुभाइ पढ्ने विद्यालय ३०
४.९ उत्तरदाताहरूको अभिभावकको शैक्षिक अवस्था ३०

**अध्याय पाँच : छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव ३२-४५**

५.१ रेष्टको छात्रवृत्ति परिचय ३३
५.२ उत्तरदाताहरूको शैक्षिक सामग्री वितरण सम्बन्धी धारणा ३४
५.३ रेष्ट बुलेटिन र नारीस्वरको विवरण र त्यसको प्रभाव ३५
५.४ शुक्रबारे कक्षा सहयोगी शिक्षिका र विद्यालय कक्षा सहयोगी शिक्षिका ३६
५.५ उत्तरदाताहरूको अनुसार छात्रावृत्ति पाएको समयअवधि विवरण ३६
५.६ उत्तरदाताहरूले पढाइ पश्चात पाउन खोजेको लक्ष्य ३७
५.७ छात्रावृत्ति पाएपछि छात्राहरूमा देखिएको परिवर्तन ३८
५.८ पोषण, स्वास्थ्य र सरसफाईप्रति चेतना ३९
५.९ उत्तरदाताहरूलाई लेखपढका लागि सहयोग गर्ने पात्रहरू ३९
५.१० छात्रवृत्तिप्रतिको साधारण बुझाई र धारणा ४१
५.११ वैयक्तिक अध्ययन ४३

**अध्याय छ : अध्ययनको सारांश, निष्कर्ष र सुझाव** **४६-५०**

६.१ सारांश ४६

६.२ निष्कर्ष ४९

६.३ सुझाव ५०

सन्दर्भग्रन्थ सूची ५१-५३

परिशिष्ट १: अन्तर्वार्ता अनुसूची ५४-५५

परिशिष्ट २ : समुह केन्द्रित छलफल सूची ५६

परिशिष्ट ३ : अध्ययन क्षेत्रको नक्सा ५७

# तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| ४.१ | कक्षागत आधारमा उत्तरदाताहरूको विवरण | २४ |
| ४.२ | उमेरको आधारमा उत्तरदाताहरूको  विवरण | २५ |
| ४.३ | उत्तरदाताहरूको परिवारको पेशा | २६ |
| ४.४ | उत्तरदाताहरूको जात/जातिगत विवरण | २७ |
| ४.५ | उत्तरदाताहरूको धार्मिक विवरण | २८ |
| ४.६ | उत्तरदाताहरूको परिवारको आकार | २९ |
| ४.७ | उत्तरदाताहरूको बासस्थानको विवरण | २९ |
| ४.८ | उत्तरदाताहरूको दाजुभाई पढ्ने विद्यालयको विवरण | ३० |
| ४.९ | उत्तरदाताका अभिभावकहरूको शैक्षिक विवरण | ३१ |
| ५.१ | उत्तरदाताहरूले प्राप्त गर्ने शैक्षिक सामग्रीको वितरण (पहिलो किस्ता) | ३४ |
| ५.२ | उत्तरदाताहरूले प्राप्त गर्ने शैक्षिक सामाग्रीको विवरण (दोस्रो किस्तां) | ३५ |
| ५.३ | रेष्ट बेलुटिन र नारीस्वरको विवरण | ३५ |
| ५.४ | छात्रावृत्ति पाइरहेका उत्तरदाताहरूको समयअवधि विवरण | ३७ |
| ५.५ | उत्तरदाताहरूले पढाइ पश्चात रोजेको लक्ष्य | ३८ |
| ५.६ | छात्रावृत्ति पाएपछि छात्राहरूमा देखिएको परिवर्तन | ३८ |
| ५.७ | उत्तरदाताहरूलाई लेखपढमा सहयोग गर्ने पात्रहरू | ४० |

# संक्षिप्त रूप

| | | |
|---|---|---|
| रेष्ट | : | ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठी (रेष्ट) |
| रेष्ट बुलेटिन | : | ग्रामिण स्वास्थ्य र शिक्षा सेवा गुठीबाट छात्रावृत्ति पाएका बालिकाहरूका लागि तयार पारेको सानो पुस्तिका |
| नारीस्वर | : | रेष्टबाट छात्रावृत्ति पाएका बालिकाहरूका लागि उपयोगि त्रैमासिक सानो पुस्तक हो । नारीस्वरको छपाई खर्च अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग मार्फत् अमेरिकी जनताहरूको सहयोगमा भएको हो नारीस्वरले साहित्यिक, शैक्षिक, स्वास्थ्य आदि सामग्रीहरू पनि उपलब्ध गराएको छ । |
| प्र.अ. | : | प्रधानध्यापक |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| RHEST | : | Rural Health and Education Service Trust |
| UNICEF | : | United Nations Children’s Fund |
| UNESCO | : | United Nations Educational Scientific and Cultural Organization |

# शोधसार

यो शोधपत्र **"छात्रावृत्तिले छात्राहरूको शिक्षामा पारेको प्रभाव"** शीर्षक अन्तर्गत एक समाजशास्त्रीय अध्ययन हो । यो तनहुँ जिल्लाको शुक्लागण्डकी-४, दुलेगौडामा अवस्थित श्री पञ्चमुनिदेव मा.वि. मा ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुठीको माध्यमबाट America Himalayan Foundation को सहयोगमा छात्रवृत्ति प्राप्त छात्राहरूलाई उत्तरदाताका रूपमा छनौट गरिएको छ । यस विद्यालयमा कक्षा (१-१०) सम्मका छात्राहरू ९९५ जना छन् जसमध्ये रेष्टबाट छात्रावृत्ति पाएका जम्मा ७८ जना छात्राहरूलाई मात्र अध्ययनमा समेटिएको छ । आर्थिक अवस्था कमजोर भएको कारण छात्राहरू रेष्टको छात्रावृत्ति छनौटमा परेको पाइयो । यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक दुवै प्रकारको अनुसन्धान ढाँचामा आधारित छ । प्राथमिक र द्वितीय दुवै स्रोत प्रयोग गरिए तापनि प्राथमिक स्रोतलाई मुख्य जोड दिइएको छ । प्राथमिक स्रोतहरूमा छात्रावृत्ति प्राप्त छात्राहरू मुख्य हुन् भने अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक वर्गहरूसँग प्रत्यक्ष भेट गरी सामूहिक छलफल, अवलोकन, अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोतहरूमा शीर्षकसँग सम्बनिधत लेख, रचना, पुस्तकहरू, रेष्टबाट प्रकाशित पुस्तकहरू, विभिन्न वेबसाइटहरू, पत्रपत्रिका, सोसँग सम्बन्धित शोधपत्रहरूबाट पनि तथ्याङ्क संकलन गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी आवश्यकताअनुसार व्याख्या गरिएको छ ।

समग्रमा छात्रावृत्तिको प्रभाव सकारात्मक देखिन्छ । छात्रावृत्ति पाउने छात्राहरू धेरै जनजाति रहेका छन् । उनीहरूको पारिवारिक अवस्था कमजोर देखिएको कारण उनीहरू रेष्टको छात्रावृत्ति छनोटमा परेका हुन् । छात्रावृत्तिले छात्राहरूलाई विद्यालय पढ्न अवसर प्रदान गर्नुका साथै उनीहरूलाई शिक्षाप्रति सचेत गरी उज्वल भविष्यतर्फ डोहोऱ्याउन सहयोग गरेको पाइयो । छात्राहरू आफ्नो पढाइमा मात्र सचेत नभई दैनिक बानीव्यवहार, क्रियाकलाप, स्वास्थ्य, सरसफाई, पोषण लगायत बालविवाह, हिंसा, नियम कानून, बेचविखन सम्बन्धी कुराहरूमा समेत सचेत भएको पाइयो ।